अल्लाहको नजरमा प्रार्थना भन्दा सम्मानित र महान अरु केही छैन ।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "अल्लाहको नजरमा प्रार्थना भन्दा सम्मानित र महान अरु केही छैन ।"
[हसन] [तिर्मीजी, इब्ने माजह र अहमदले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले दुआ (प्रार्थना) भन्दा राम्रो कुनै उपासना छैन भनेर भन्नुभयो । किनकि यसमा एकातिर अल्लाहको निरपेक्षता र सम्पन्नता छ भने अर्कोतिर दासको उहाँमाथिको निर्भरता र अभावको स्वीकृति छ ।

https://sunnah.global/hadeeth/ne/show/5509